https://twitter.com/suchanaayog
https://www.facebook.com/rtinepal

सूचना मेरो अधिकार

वर्ष २ | अंक ५ | साउन-असोज २०७८

Quarterly RTI News Bulletin

## सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

# ‘दलहरुले सूचना प्रवाह गर्ने तत्परता देखाऊन्’




सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८) राष्ट्रिय सूचना आयोगको आयोजनामा अन्तर्क्रियात्मक विचार गोष्ठीका साथ सम्पन्न भयो । संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्य सूचकाङ्क १६.१०.२ कसरी हासिल गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहेर काठमाडौंमा आयोजित कार्यक्रमको उद्घाटन राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले गर्नु भएको थियो ।

उद्घाटन मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथिसमेत रहनु भएका राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष तिमिल्सिनाले संघ, प्रदेश र स्थानीय तहका सबै सरकार, राजनैतिक दल, सामाजिक संघसंस्था र सबै सार्वजनिक निकायले नागरिकलाई सूचना माग गर्न उत्प्रेरित गर्नुपर्ने, सूचना दिने तत्परता सबैले देखाउनु पर्ने बताउनु भयो । कार्यक्रममा सम्माननीय अध्यक्ष तिमिल्सिनाले सूचना प्रवाहबाट पारदर्शिता बढ्ने र समाजबाट भ्रष्टाचार न्यूनीकरण हुने भनाइ राख्नु हुँदै दूरदराजमा रहेका अशिक्षित, दुःखी र गरीब नागरिकलाई समेत सूचना माग गर्न जागरूक गराउनेतर्फ राष्ट्रिय सूचना आयोगले पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

आफूसँग सम्बन्धित, विकास-निर्माण, उपभोग्य वस्तु, वातावरणलगायत सार्वजनिक सरोकारका विषयमा सूचना माग गर्न पाउने नागरिकको मौलिक अधिकारको समुचित प्रयोगले सुशासन र पारदर्शिता कायम गर्न महत्वपूर्ण योगदान गर्न सक्ने भएको उल्लेख गर्दै राजनीतिक दलमा पनि पारदर्शिता हुनुपर्नेमा उहाँले जोड दिनुभयो । सूचनाको हकको कार्यान्वयनमा नेपाललाई नमूना बनाउन कार्यक्रमले मद्दत पुऱ्याउन सकोस् भन्ने शुभेच्छा सम्माननीय अध्यक्ष तिमिल्सिनाले व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलले दिगो विकास लक्ष्य सूचक १६.१०.२ को अवस्था र कार्यदिशाका सम्बन्धमा योजना आयोगको धारणा प्रस्तुत गर्नुभएको थियो । सूचनाको हकको भूमिकालाई WIN अर्थात् Wealth, Instrument of Efficiency, Nation Building मा महत्वपूर्ण हुनेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलले दिगो विकास लक्ष्य सूचक १६.१०.२ को अवस्था र कार्यदिशाका सम्बन्धमा योजना आयोगको धारणा प्रस्तुत गर्नुभएको थियो । सूचनाको हकको भूमिकालाई WIN अर्थात् Wealth, Instrument of Efficiency, Nation Building मा महत्वपूर्ण हुनेमा उहाँले जोड दिनुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले सूचनाको हकलाई कसरी कार्यान्वयन गर्ने र प्रत्येक सूचना सरोकारवालाहरूसम्म कसरी पुर्‍याउने भन्ने विषयमा सञ्चार मन्त्रालयले गृहकार्य गरिरहेको, सूचनाको वर्गीकरण जरूरी रहेको र नेपाल डिजिटल युगमा प्रवेश गरेको भनेर दावी गरिरहँदा डिजिटल प्रविधिको उपयोग वा दूरूपयोगबाट के-कस्ता परिणामहरू देखा परेका छन् र दूरूपयोगलाई रोक्नका लागि कस्ता कदमहरू चाल्नु पर्छ भन्ने विषयमा सरोकारवालाहरूसँग छलफल समेत चलिरहेको बताउनु भयो । सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासबाट मात्र सही सूचना सर्वसाधारण माझ पुर्‍याउन नीतिगत र प्रक्रियागत भूमिका निर्वाह गर्न मन्त्रालय तत्पर रहेको धारणा सचिव डा. अर्यालले व्यक्त गर्नु भयो ।

नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेलले सन् ९० को दशकमा सूचनाको हकको कानून बनाउने र सूचनाको हकका सम्बन्धमा जनमानसलाई जागरूक र उत्प्रेरित बनाउने क्रम आजपर्यन्त चलिरहेको बताउनु भयो । लोकतन्त्रसँग सूचनाको हकको अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै लोकतन्त्र सधैं जीवित रहोस् भन्नका लागि पनि सूचनाको हकलाई मजवुत बनाउनु जरूरी रहेको भनाइ सभापति पोखरेलले राख्नु भयो । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नका लागि संसार जसरी यो कर्ममा होमिएको छ सूचनामा नागरिकको सहज पहुँच भयो भने मात्र दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने छ भन्ने धारणा राख्दै सूचनाको गलत प्रयोग हुन्छ कि भन्ने आशङ्काका भरमा सूचना मागकर्तालाई विमुख गर्ने हो भने हासिल गर्न खोजेको लक्ष्य प्राप्त हुन कठीन हुने बताउनु भयो । सूचना पत्रकारले माग्ने र पत्रकारले लेखेको समाचार नागरिकले पढेर थाहा पाउने हो भन्ने भ्रम चिर्न जरूरी रहेकोमा उहाँले विशेष जोड दिनु भयो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले सूचनाको हकको महत्वलाई बुझेर संयुक्त राष्ट्र संघ महासभाले सन् २०१९ मा सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा हरेक वर्षको सेप्टेम्बर २८ लाई मनाउने निर्णय गरेको बताउनु भयो । संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्य हासिल गर्न नेपाल पक्ष राष्ट्र भएकोले यो लक्ष्य हासिल गर्ने प्रतिबद्धता नेपालका तर्फबाट पनि व्यक्त हुन आवश्यक रहेको प्रमुख सूचना आयुक्त गुरूङले बताउनु भयो ।

सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको उचित अभ्यासले सुशासन ल्याउने भएकोले माग पक्षद्वारा माग गरिएका कुनै पनि सूचनाहरू दिन आनाकानी गर्न नहुनेतर्फ सरोकारवाला सबैको ध्यान जान जरूरी हुने र नागरिकले गरेको अनुगमनभन्दा बलियो अरू कुनै अनुगमन नहुने भएकोले सूचनाको हकको कार्यान्वयनका लागि नागरिक सचेतता र खबर्दारी जरूरी भएकोमा उहाँले जोड दिनुभयो । नेपाली नागरिकले सूचनाको हकको प्रयोग गरेर आफूलाई सशक्त र वलशाली वनाउनु पर्ने भनाइ राख्दै प्रमुख सूचना आयुक्त गुरूङले कार्यक्रमको पहिलो सत्रको समापन गर्नु भयो ।

राष्ट्रिय सूचना आयोगका कानून अधिकृत शान्ति वाग्लेले सञ्चालन गर्नुभएको कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै आयोगका सचिव भागीरथ पाण्डेयले दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले प्रयास गरिरहेको र कार्यक्रमले दिगो विकास लक्ष्य प्राप्तिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्तहरू कमला ओली थापा र रत्नप्रसाद मैनाली, नेपाल पत्रकार महासंघका पूर्वसभापति डा. सुरेशराज आचार्य तथा सूचनाको हकको क्षेत्रमा क्रियाशील अभियन्ताहरूको उपस्थिति रहेको थियो भने विभिन्न निकायमा कार्यरत सूचना अधिकारीहरु, नेपाल पत्रकार महासंघका प्रतिनिधिहरु, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी र आयोगका कर्मचारीहरूको उत्साहपूर्ण सहभागिता रहेको थियो । ◆



# सूचनाको हकको प्रचलन :

# दिगो विकास लक्ष्य हासिल गर्न सकारात्मक योगदान

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा आयोजितदिगो विकास लक्ष्यः सूचनामा पहुँच(१६.१०.२)को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठीमा सम्बन्धित क्षेत्रका विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो ।




२०७८ असोज १२ गते काठमाडौंमा आयोजित कार्यक्रममा दिगो विकास लक्ष्य र सूचनामा पहुँच विषयक कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकको प्रचलनले दिगो विकासका समग्र लक्ष्य हासिल गर्नसमेत सकारात्मक योगदानदिन सक्ने बताउनु भयो ।

सूचना आयुक्त मैनालीले दिगो विकास लक्ष्य र यसमा समाविष्ट सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क रहनुका कारण, यसको महत्व र हालसम्म भएका प्रगति तथा दिगो विकास लक्ष्य हासिलका लागि गर्नुपर्ने क्रियाकलापका बारेमा व्याख्या गर्दै दिगो विकास लक्ष्य १६.१०.२ प्राप्तिका लागि राजनीतिक तथा प्रशासनिक दुवै नेतृत्वको भूमिका उत्तिकै महत्वपूर्ण रहने विचार व्यक्त गर्नुभयो ।

दिगो विकास लक्ष्यको अवधारणा, यसका रणनीतिक पाँच खम्बा, हासिल गर्ने कार्यनीति, दक्षिण एसियाका अन्य देश र नेपालको तुलनात्मक अवस्था आदिबारे तथ्याङ्क प्रस्तुत गर्दै कानुनी र संस्थागत संरचनाका हिसाबले नेपालको अवस्था सकारात्मक रहे पनि दिगो विकास लक्ष्य हासिल गर्न अझै धेरै काम गर्न बाँकी रहेको सूचना आयुक्त मैनालीले औंल्याउनु भयो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलले हालसालै सार्वजनिक गरेको अध्ययन प्रतिवेदनमा एसिया प्यासिफिक क्षेत्रका अन्य देशको तुलनामा नेपालमा सूचनाको हकको अवस्था राम्रो रहेको प्रसङ्ग उल्लेख गर्दै सूचनाआयुक्त मैनालीले राष्ट्रिय सूचना आयोगले हार्म टेस्ट र पब्लिक इन्ट्रेस्ट टेस्ट गर्न सक्ने कार्यविधि बनाई अनुमोदन गरेको बताउनु भयो ।

लक्ष्य सूचकाङ्कमा सुधार ल्याउन ऐन तथा नियमावलीमा समायानुकूल परिमार्जन गर्नुपर्ने, लक्ष्य सूचक हासिल गर्न राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्नुपर्ने, सूचनाको हकको कार्यान्वयनको समग्र अनुगमनका लागि आरटीआई अडिटमा सबै सार्वजनिक निकायलाई समेट्नु पर्ने, आयोगमा पुनरावेदन भएकोबाहेक सूचना माग भएको र प्राप्त भएको सूचनाको एकीन तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्नुपर्ने, आरटीआई अडिटलाई हाम्रा तीनै तहका सरकार र सार्वजनिक निकायले सँस्कृतिका रूपमा आत्मसातीकरण गर्नुपर्ने, खुल्ला सरकार अवधारणा कार्यान्वयनका लागि आवश्यक कानुन, संरचना र बजेट व्यवस्था गर्नुपर्ने, कानुनले निषेध गरेकोबाहेकका सूचना माग गर्नु र प्राप्त गर्नुलाई अधिकारभन्दा बढी दायित्व हो भन्ने रूपमा स्थापित गर्नुपर्ने, समग्र सूचकमा सुधार गर्न र एसडीजी लक्ष्य हासिल गर्नका लागि सूचनामा आम पहुँचलाई स्थानीयकरण गर्नुपर्ने, सूचनामा पहुँचसम्बन्धी संवैधानिक, कानुनी र संरचनात्मक प्रावधानका कारण दिगो विकास लक्ष्य हासिलको सूचकमा कति योगदान पुगेको छ भन्ने स्पष्ट राष्ट्रिय तथ्याङ्क तयार गर्नका लागि कार्य गर्नुपर्ने, नेपालको राष्ट्रिय सन्दर्भमा एसडीजी १६.१०.२ बारे रिपोर्टिङ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले गर्ने व्यवस्था रहेको राष्ट्रिय योजना आयोगको वेबसाइटमा उल्लेख गरिएकोमा यसबारेको कार्यान्वयन, नियमन र रिपोर्टिङलाई प्रभावकारी बनाउने हो भने राष्ट्रिय सूचना आयोग नै सबैभन्दा उपयुक्त निकाय हुन सक्ने, राष्ट्रिय सूचना आयोगलाई संवैधानिक आयोगका रूपमा स्थापित गर्नु पर्ने भनी आएका सुझावहरूलाई कार्यान्वयन गर्नुपर्ने लगायतका सुझाव सूचना आयुक्त मैनालीले राख्नु भएको थियो ।

सबैभन्दा महत्वपूर्ण विषय राजनीतिक दल र तिनको नेतृत्वले सूचनाको हकलाई कति आत्मसात् गरेका छन् वा गर्छन् भन्ने विषय




दिगो विकास लक्ष्य हासिल गर्ने सफलतासँग जोडिएको बताउँदै ऐन, कानुन बनाउने तर त्यसको मर्म अनुसार परिपालना नगर्ने संस्कारको पुनरावृत्ति भइरहने हो भने लक्ष्य हासिल गर्ने उद्देश्यमा अवरूद्धता आउने भएकोले राजनीतिक नेतृत्वलाई झकझक्याउन र खबरदारी गर्नु पर्ने आवश्यकता रहेकोमा सूचना आयुक्त मैनालीले जोड दिनुभयो ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक विकासको महत्वपूर्ण औजार रहेको र सो का लागि राष्ट्रिय लक्ष्य, राष्ट्रिय कानुन र कार्यान्वयन पक्ष बलियो हुनुपर्नेमा जोड दिनुभयो । सूचनाको हकसम्बन्धी व्यवस्था विश्वमा र नेपालमा पनि धैरै प्रयासपश्चात् कायम हुन सकेको मौलिक हक भएको तथा यसलाई दिगो विकास लक्ष्यमा समावेश गर्न पनि त्यत्तिकै भूमिका सबैले निर्वाह गरेको तर सूचनाको हकसम्बन्धी सूचकाङ्कबमोजिम लक्ष्य प्राप्त गर्न नेपालको तर्फबाट थप प्रयास गर्नुपर्ने बताउँदै यसका लागि स्पष्ट कार्ययोजनासहित कार्य अगाडि बढाउनुपर्ने विचार दाहालले व्यक्त गर्नुभयो ।

पूर्व सूचना आयुक्त  देवी तिम्सिनाले सूचना लिने र दिने संस्कृतिको विकासका साथै कार्यान्वयन पक्ष बलियो बनाउनुपर्ने बताउँदै सूचनाको हकमा महिलाको सहभागिता एवम् योगदान महत्वपूर्ण हुन सक्ने भएकोले दिगो विकास लक्ष्य प्राप्तिका लागि समावेशी कार्यक्रम बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । दिगो विकास लक्ष्य प्राप्तिका लागि कार्ययोजना बनेको र यसमा काम भइरहेको बताउँदै पूर्व सूचना आयुक्त तिम्सिनाले सूचनाको हक पनि एक महत्वपूर्ण सूचकाङ्क भएको हुँदा यसका लागि थप कार्यक्रम गर्न तयार रहेको विचार व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य सचिव केवल प्रसाद भण्डारीले दिगो विकास लक्ष्यमा नेपालको प्रतिबद्धता रहेको, कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना बनेको र आवधिक रूपमा प्रगति मापन तथा प्रतिवेदन तयार गर्ने गरेको, सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क प्राप्तिका लागि गोष्ठीले महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने बताउँदै गोष्ठीमा प्रस्तुत गरिएका सुझाव कार्यान्वयनका लागि योजना आयोग तयार रहेको बताउनु भयो ।

कार्यक्रमका सहभागीहरूले सूचनाको हकको महत्व तथा यसको कार्यान्वयनका लागि थप प्रयास तथा सक्रियताको आवश्यकता रहेको, यसको अभावमा दिगो विकास लक्ष्य हासिल गर्न प्रतिकूल हुने, जिल्ला र स्थानीय तहमा सूचना नदिने वातावरण रहेको, सूचना पाउन समस्या भोग्नु परिरहेको, गोपनीयताको संस्कार रहेको र यस्तो सोचमा परिवर्तन ल्याउन आवश्यक रहेको विचार व्यक्त गर्नुभएको थियो ।

सहभागीहरूको तर्फबाट सूचनाको हकका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष उमिद वागचन्द, कोषाध्यक्ष अजयकुमार साह, पुरस्कृत सूचनाका हकका अभियन्ता डा. मुन्नाकुमार मिश्रले आफ्नो जिज्ञासा र सुझाव राख्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षतासमेत गर्नुभएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ्गले दिगो विकास लक्ष्यको १६.१०.२ सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क अत्यन्त महत्वपूर्ण रहेकोले यसको प्राप्तिबाट समग्र दिगो विकास लक्ष्य प्राप्तिमा सघाउ पुग्ने तथा सुशासन कायम हुने विचार व्यक्त गर्नुभयो । दिगो विकास लक्ष्यसम्बन्धी राष्ट्रिय कार्ययोजनामा यसले त्यति स्थानन पाएको हुँदा थप छलफल गरी स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेमा प्रमुख सूचना आयुक्त गुरूङ्गले जोड दिँदै कार्यपत्र प्रस्तुतकर्ता, सहभागी, सञ्चारकर्मी, कर्मचारी सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

## विजया दशमी २०७८ को शुभ अवसरमा शुभकामना आदानप्रदान

विजया दशमी २०७८को शुभ अवसरमा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त, सूचना आयुक्त र कर्मचारीहरूको उपस्थितिमा एक अर्का बीच शुभकामना आदान प्रदान गरियो । शुभकामना आदान प्रदान कार्यक्रममा आयोगका तर्फबाट प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ र सचिवालयका तर्फबाट सचिव भागिरथ पाण्डेयले उपस्थित सबैलाई विजया दशमीको शुभकामना व्यक्त गर्नुभएको थियो ।

## कर्मचारीको सरुवा

राष्ट्रिय सूचना आयोगमा कार्यरत उपसचिव फणिन्द्र दाहालको गृह मन्त्रालय वा अन्तर्गत सरूवा भएको छ । उपसचिव दाहाल २०७८।०६।१७ मा रमाना भई उक्त मन्त्रालयमा हाजिर हुन जानु भएको छ । आयोगमै कार्यरत कानून अधिकृत शान्ति वाग्लेको २०७८।०६।३१ गतेदेखि लागु हुने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सरूवा भएको छ ।

# सूचना प्रवाहमा कञ्जुस्याइँ नगर्न जोड

२०७८ सालअसोज १८ गते थाहा नगरपालिका, मकवानपुरमा सूचनाको हक कार्यान्वयनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आयोगका सूचना आयुक्त कमला ओलीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता थाहा नगरपालिकाका मेयर लवशेर विष्टले गर्नु भएको थियो । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, विभिन्न पेसा, व्यवसायमा क्रियाशील व्यक्ति, पत्रकार, अभियन्ता तथा विभिन्न समूहहरूको सहभागिता रहेको थियो ।




कार्यक्रममा आयोगका सूचना आयुक्त कमला ओली थापाले सही, सत्य र तथ्यपूर्ण सूचना प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक निकायलाई कञ्जुस्याइँ नगर्न आग्रह गर्दै सूचना मागकर्ता र सूचनादाताबीचको सम्बन्ध सुदृढ रहनुपर्ने कुरामा जोड दिनुभयो ।

आयोगका सचिव भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयनमा सार्वजनिक निकायको दायित्व र कानूनी प्रावधानको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने थाहा नगरपालिकाका मेयर लवशेर विष्टले सूचनाको हक कार्यान्वयनमा थाहा नगरपालिका अगाडि रहेको र सधैं यो विषयलाई अग्रपङ्क्तिमा राखेर काम गरिरहेको बताउनु भयो ।

थाहा नगरपालिकाका उपमेयर खड्ग बागोपालीले पनि मन्तव्य राख्नु भएको कार्यक्रममा सहभागीलाई आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले स्वागत गर्नु भएको थियो । सहभागीका तर्फबाट राखिएका जिज्ञासाको जवाफ सूचना आयुक्त कमला ओलीले दिनुभएको थियो । ◆

# सूचना नदिने पद्मकन्या बहुमुखी क्याम्पस प्रमुखलाई १५ हजार जरिवाना

राष्ट्रिय सूचना आयोगले पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंका क्याम्पस प्रमुखप्राध्यापक धनप्रसाद पण्डितलाई १५ हजार रूपैयाँ जरिवाना हुने ठहर गरेको छ ।

सिन्धुपाल्चोक जिल्ला, मेलम्ची नगरपालिका- १० निवासी आदित्य दाहालले आयोगमा दर्ता गरेको पुनरावेदनपश्चात् आयोगबाट पटक पटक सूचना उपलब्ध गराउन आदेश हुँदासमेत सूचनाको हकसम्बन्धी कानूनबमोजिम मनासिब कारणबिना सूचना दिन निजले अटेर गरेको, विद्यार्थीलाई शिक्षामार्फत् संवैधानिक तथा कानूनी व्यवस्थाको जानकारी गराई त्यस्तो व्यवस्थाको पालना गर्न/गराउन प्रेरित गर्नु पर्ने शैक्षिक संस्थाका प्रमुखबाटै कानून विपरीत सूचना दिन इन्कार गर्नु स्वीकार्य हुन नसक्ने, कानूनबमोजिम सफाइको मौका दिंदासमेत कानूनबमोजिम जवाफ दिन तथा सूचना दिने तत्परता नदेखिएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारका कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डितलाई रू १५,०००/- (पन्ध्र हजार) जरिवाना र निजलाई विभागीय कारबाही गरी जानकारी दिन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिको नाममा लेखी पठाउन भन्ने आदेश आयोगको इजलाशले गरेको छ ।

साथै सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारका कार्यालय प्रमुख प्रा. धनप्रसाद पण्डितलाई गरेको जरिवाना असुलउपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौंसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराइदिन र यस आयोगलाई समेत जानकारी दिन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकाय, डीनको कार्यालय, कीर्तिपुरमा लेखी पठाउन, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजारका क्याम्पस प्रमुख प्रा. धनप्रसाद पण्डितलाई विभागीय कारबाही गरी कारबाही भएको जानकारी यस आयोगलाई समेत गराउन त्रिभुवन विश्वविद्यालयका उपकूलपतिलाई लेखी पठाउनसमेत आयोगले आदेश गरेको छ । ◆

# सहकारी र सूचनाको अधिकार



**रत्नप्रसाद मैनाली**
सूचना आयुक्त,
राष्ट्रिय सूचना आयोग

सहकारी संस्था (बचत तथा ऋण) लगायतका सार्वजनिक निकाय हुन् कि होइनन् भन्ने कतिपयमा भ्रम रहेको छ । सहकारी ऐन, २०७४ मा रहेका १ सय ५२ दफा, उपदफा र प्रत्येक बुँदामा सहकारी सार्वजनिक सरोकारको परिधिमा पर्ने निकाय हो भन्नेमा कसैमा पनि कुनै प्रकारको द्विविधा रहनु हुन्न । सार्वजनिक निकाय हुनुको नाताले संविधानप्रदत्त नागरिकको सूचनाको हकको सम्मान गर्नु सहकारी संस्थाको प्राथमिक कानुनी दायित्व हो ।

संविधानतः नेपालमा सर्वप्रथम वि.सं. २०४८ को संविधानको धारा १६ मा सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारबारे व्यवस्था गरिएको थियो । संविधानमा व्यवस्था भए पनि त्यस अवधिमा व्यावहारिक रूपमा सूचनाको हकको प्रयोग र प्रचलन असाध्यै कम मात्रामा भएको पाइन्छ । २०६२/०६३ को राजनीतिक परिवर्तनपछि बनेको नेपालको अन्तरिम संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक अधिकारको रूपमा स्थापित गरियो । नेपालको अन्तरिम संविधान २०६४ को धारा २७ मा व्यवस्था गरिएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकले नेपालको संविधान, २०७२ मा पनि धारा २७ मै निरन्तरता पायो । नेपालको संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भन्ने व्यवस्था गरिएको छ ।

गैरसरकारी संस्था खासगरी बचत तथा ऋणलगातयका सहकारी संस्था सार्वजनिक निकायको परिभाषामा समेटिन्छन् कि समेटिन्नन् भन्ने कतिपयमा भ्रम रहेको पाइएकोले यो छाटो आलेखमा त्यसबारे स्पष्ट पार्ने कोसिस गरिनेछ ।

कतिपयमा सहकारी निजी व्यवसाय रहेको र सूचनाको हकसम्बन्धी ऐन सहकारी क्षेत्रमा आकर्षित नहुने गलत बुझाइ रहेको पाइन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा 'सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई ...' भन्ने विषय उल्लेख हुनु र सहकारी आफैमा सामूहिक प्रयत्नबाट सिर्जना हुने, सामूहिक हित प्रत्याभूत गर्ने संस्था भएकोले यी संस्था सबैभन्दा बढी सार्वजनिक सरोकार र चासोको परिधिमा रहने जिम्मेवार निकाय हुन् भन्नेमा कुनै द्विविधा नरहोस् ।

सूचनाको हकसम्बन्धी ऐनको दफा २ (४) मा 'कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान'लाई सार्वजनिक निकायका रूपमा स्पष्ट परिभाषित गरिएको छ । एउटा सहकारी संस्थामा सञ्चालक, शेयर सदस्य, ऋणी, जमानीकर्ता अथवा बचतकर्ताका हिसावले कयौं व्यक्तिको आबद्धता रहेको हुन्छ । सहकारी सामूहिक हित प्रतिविम्बित गर्ने सेवा प्रदायक संगठित संस्था पनि हो । सिद्धान्ततः सामूहिकता सहकारीको मूल मान्यता हो । यस्तो संस्थामा कुनै न कुनै प्रकारले हुने व्यक्तिको आबद्धता र संस्थाको कार्यप्रकृतिले सहकारी संस्था सार्वजनिक निकायकै प्रकृतिका संस्था हुन् । त्यस हिसावले सहकारी संस्था नितान्त निजी व्यवसायिक संस्था हुन नसक्ने प्रष्ट छ ।

एउटा सार्वजनिक निकाय हुनुको नाताले राज्यका नियम, कानुन र संविधानप्रति त्यस्ता संस्थाको दायित्व रहने स्वतःसिद्ध विषय हो । सार्वजनिक निकाय हुनुले सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले व्यवस्था

> अपवादबाहेक अधिकांश सहकारी संस्थाले सूचनाको हकसम्बन्धी ऐनबारे जानकार नभएर पालना नगरेको अथवा जानकारी भएरै पनि ऐनको पालनाप्रति त्यति ध्यान र चासो देखाएको पाइएको छैन । कतिपय सहकारी संस्थाले सूचना अधिकारी तोके पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने स्वतः प्रकाशनलाई अधिकांशले बेवास्ता गरेका छन् । राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको भूमिकामा रहेका सबै प्रकारका गैरसरकारी संस्थाहरूलाई ऐनले व्यवस्था गरेबमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन अद्यावधिक गर्न विभिन्न समयमा आदेश दिँदै आएको छ ।

गरेबमोजिम स्वतःप्रकाशनको व्यवस्था गर्नु, सूचना अधिकारीको व्यवस्था गर्नु र माग भइआएको सूचना ऐन-नियमबमोजिम प्रदान गर्नु सहकारी संस्थाको न्यूनतम् कानुनी दायित्व हो ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्वलाई स्पष्ट रूपमा परिभाषित गरिएको छ । ऐनको उपदफा (१) मा प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ भनिएको छ । उपदफा (१) को प्रयोजनका लागि सोही दफाको उपदफा (२) मा व्यवस्था गरिएको छ ।

ऐनको दफा (५) मा सार्वजनिक निकायले गर्नुपर्ने सूचनाको अद्यावधिक र प्रकाशनबारे उल्लेख गरिएको छ । उपदफा (१) मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने, उपदफा (२) मा सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागु हुनुभन्दा कम्तिमा २० वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु-गराउनु पर्नेछ भन्ने व्यवस्था गरिएको छ भने उपदफा (३) मा सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित (क) निकायको स्वरूप र प्रकृति, (ख) निकायको काम, कर्तव्य र अधिकार, (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण, (घ) निकायबाट प्रदान गरिने सेवा, (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी, (ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी, (झ) सम्पादन गरेको कामको विवरण, (ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद, (ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची, (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण, (ड) तोकिए बमोजिमका अन्य विवरण सूचीकृत गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

ऐनको दफा ६ मा सूचना अधिकारीको व्यवस्थाबारे उल्लेख गरिएको छ । र्साजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने तथा सूचना प्रवाह गर्ने प्रयोजनका लागि कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनु पर्ने प्रावधान ऐनमा रहे पनि अपवादबाहेक हामीकहाँ क्रियाशील अधिकांश सहकारी संस्थाहरूले सूचनाको हकसम्बन्धी ऐनमा व्यवस्था गरिएको सूचना अधिकारी तोक्नुपर्ने र सूचना प्रवाह गर्नुपर्ने आधारभूत कानुनी व्यवस्थालाई आत्मसात् गरेको देखिंदैन ।

सूचनाको हकको मूल अन्तर्य भनेको सरकारी र सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँचको सुनिश्चितता हो ।

सुशासन कायम गर्न नागरिकलाई शक्तिशाली बनाउने मान्यताका साथ सूचनाको हकको विश्वव्यापी प्रचलन र प्रयोगको व्यापकता बढ्दै गएको छ । सूचनामा शक्ति हुने विश्वास र मान्यताका साथ नागरिकलाई शक्तिशाली बनाई सरकारी र सार्वजनिक निकायमा हुने अनियमितता रोक्ने सूचनाको हकसम्बन्धी ऐनको मूल मक्सद हो । सकारीजस्तो सामूहिक हितको पवित्र उद्देश्यले स्थापना भई सञ्चालन हुने संगठित संस्थाहरूले संवैधानिक रूपमा व्यवस्था गरिएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारको सम्मान गर्न सक्नु पर्दछ ।

सूचनाको हकसम्बन्धी ऐन, ०६४ मा सूचना प्राप्त गर्ने, सूचना प्रदान गर्नुपर्ने तथा त्यसबापत लाग्ने दस्तुरहरूबारे पनि स्पष्ट व्यवस्था गरिएको छ । ऐनको दफा (७) मा सूचना प्राप्त गर्ने विधि, दफा (८) मा सूचनाबापत लाग्ने दस्तुर, दफा (९) मा उजुरीको व्यवस्था र दफा (१०) मा पुनरावेदनको व्यवस्थाबारे उल्लेख गरिएको छ ।

सहकारी क्षेत्र सूचनाको हकसम्बन्धी ऐनबारे जानकार नभएर पालना नगरेको अथवा जानकारी भएरै पनि




सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको पालना नगर्ने सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखलाई राष्ट्रिय सूचना आयोगबाट जरिवाना र विभागीय कार्वाहीसमेत हुने कानुनी व्यवस्था रहेको छ । कार्वाही भोगेर र जरिवाना व्यहोरेर मात्र त्यस्ता निकायका जिम्मेवार पदाधिकारीले उन्मुक्ति पाउँदैनन् ।

ऐनको पालनाप्रति त्यति ध्यान र चासो देखाएको पाइएको छैन । कतिपय सहकारी संस्थाले सूचना अधिकारी तोके पनि ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने स्वतः प्रकाशनलाई अधिकांशले बेवास्ता गरेका छन् । राष्ट्रिय सूचना आयोगले सार्वजनिक निकायको भूमिकामा रहेका सबै प्रकारका गैरसरकारी संस्थाहरूलाई ऐनले व्यवस्था गरेबमोजिम सूचना अधिकारीको व्यवस्था गर्न र प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन अद्यावधिक गर्न विभिन्न समयमा आदेश दिंदै आएको छ । यो छोटो आलेखमार्फत् प्रस्तुत सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाबारेको जानकारी पर्याप्त नहुन सक्छ । सहकारी सम्बद्ध विभिन्न पेशागत संस्था, सरोकारवाला व्यक्ति र निकायले सूचनाको हकसम्बन्धी ऐन र नियममा भएका प्रावधानलाई आत्मसात् गर्नु अनिवार्य संवैधानिक र कानुनी दायित्व रहेकोमा कसैमा कुनै भ्रम नरहोस् ।

कतिपय सार्वजनिक निकायमा रहेका जिम्मेवार पदाधिकारीबाट नागरिकको सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी प्रावधानको पालनामा अनिच्छा र उदासिनता प्रदर्शित भएका छन् । कानुनको पालना नगर्नु वस्तुतः कानुनको उल्लङ्घन गर्नु नै हो । कानुनको उल्लङ्घन गर्नेलाई दण्ड, जरिवाना र सजायको व्यवस्था अनिवार्य हुन्छ । ऐनले व्यवस्था गरेबमोजिम नागरिकले माग गरेको सूचना प्रवाह नगर्ने सार्वजनिक निकायमा रहेका सूचना अधिकारी र कार्यालय प्रमुखविरूद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्ने अधिकार नागरिकलाई ऐनले प्रबन्ध गरेको छ । सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकारको पालना नगर्ने सार्वजनिक निकायका सूचना अधिकारी र कार्यालय प्रमुखलाई राष्ट्रिय सूचना आयोगबाट जरिवाना र विभागीय कार्वाहीसमेत हुने कानुनी व्यवस्था रहेको छ । कार्वाही भोगेर र जरिवाना व्यहोरेर मात्र त्यस्ता निकायका जिम्मेवार पदाधिकारीले उन्मुक्ति पाउँदैनन्, सूचना पनि अनिवार्य रूपमा दिलाउने दायित्व कानुनतः राष्ट्रिय सूचना आयोगको रहेको छ । सूचनाको हकसम्बन्धी ऐनको प्रावधानबारे समस्या र जिज्ञासा भए सार्वजनिक निकायका सूचना अधिकारी वा कार्यालय प्रमुखले राष्ट्रिय सूचना आयोगसँग परामर्श समेत लिन सक्नेछन् । आयोगको वेबसाइट www.nic.gov.np मार्फत् पनि जानकारी प्राप्त गर्न सकिन्छ । धन्यवाद । ◆

# उत्कृष्ट अभियन्ता, सूचना अधिकारी र कर्मचारी पुरस्कृत



सूचनाको माग र प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याउने सूचनाको हकका ५ जना अभियन्ता, आपूर्ति पक्षको रूपमा रहेका सार्वजनिक निकायका ५ जना सूचना अधिकारी र आयोगमै रही उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई नगद पुरस्कारसहित कदर पत्र प्रदान गरी सम्मानित गरियो ।

सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगद्वारा असोज १२ गते काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेलले पुरस्कृतहरूलाई संयुक्त रूपमा पुरस्कार र कदरपत्र प्रदान गर्नु भएको थियो ।

राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष उत्कृष्ट सूचनाको हकका अभियन्ता र उत्कृष्ट सूचना अधिकारीलाई सूचनाको हकको क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप तोकिएको मापदण्ड र छनौट विधिका आधारमा छनौट गरी पुरस्कृत गर्दै आएको छ ।

यस वर्ष बिनय कसजु उत्कृष्ट अभियन्ता पुरस्कारबाट त्रियुगा नगरपालिका ११, उदयपुरका अजयकुमार साह, सिम्रौनगढ नगरपालिका ७, बाराका डा. मुन्नाकुमार, बटेश्वर गाउँपालिका २, धनुषाका शैलेन्द्र कुमार महतो, हल्दिवारी गाउँपालिका ३, झापाकी ईश्वरा तिवारी र वीरगञ्ज नगरपालिका ८, पर्साका रामपुकार रौनियारलाई प्रदान गरियो ।

उत्कृष्ट सूचना अधिकारी पुरस्कारतर्फ राष्ट्रिय मुस्लिम आयोगका दयाराम तिवारी, थाहा नगरपालिका, मकवानपुरका सुरज कुमार भुजेल, प्रदेश निर्वाचन कार्यालय, कैलालीका राजेश चौधरी, जिल्ला हुलाक कार्यालय, ताप्लेजुङ्गका नवराज गिरी, जिल्ला हुलाक कार्यालय, खोटाङका सरोज खतिवडालाई प्रदान गरिएको छ ।

त्यस्तै आयोगमा कार्यरत उपसचिव कपिलप्रसाद उपाध्याय, कानुन अधिकृत शान्ति वाग्ले र कम्प्युटर अपरेटर रबिन गौतमलाई उत्कृष्ट कर्मचारी पुरस्कार प्रदान गरिएको छ । राष्ट्रिय सूचना आयोगको स्थापना दिवस (बैशाख २२ गते)का अवसरमा पुरस्कार वितरण गर्ने कार्यक्रम राखिए पनि कोरोना महामारीका कारण वितरण हुन नसकेको सो पुरस्कार सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रदान गरिएको हो । ◆

# १५ औँ राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाबाट व्यक्त शुभकामना सन्देश



सूचनाको हकसम्बन्धी १५ औँ राष्ट्रिय सूचना दिवसका अवसरमा शुभकामना व्यक्त गर्दछु ।

नागरिकको सूचना पाउने अधिकारलाई लोकतान्त्रिक शासनव्यवस्थालाई सुदृढ बनाउने उद्देश्यका साथ नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरिएको हो । यस मौलिकहकको कार्यान्वयनमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कानूनी प्रत्याभूति छ ।

लोकतान्त्रिक पद्धतिको सुदृढीकरणका लागि नागरिकलाई सक्षम बनाउनु पर्छ । विश्वका धेरै देशमा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ । संघीय शासन प्रणालीमा सूचनाको हक महत्वपूर्ण छ । नेपालमा पनि सूचनाको हकको सफल कार्यान्वयनबाट सुशासन कायम गरी नागरिकलाई सुसूचित र सक्षम बनाउन सकिन्छ भन्नेमा म विश्वस्त छु । सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट मात्र सार्वजनिक निकायहरूलाई पारदर्शी नागरिकप्रति जिम्मेवार, जवाफदेही बनाउन सकिन्छ ।

विश्वव्यापी फैलिएको कोरोना महामारीका बेलामा सूचनाको हकको कार्यान्वयन थप महत्वपूर्ण र उपयोगी भएको छ । कोरोना भाइरस नियन्त्रणका लागि संक्रमितको सङ्ख्याको आधारमा देशका कतिपय स्थानहरूमा निशेधाज्ञा जारी गर्नुपरेको अवस्था छ । यस परिस्थितिमा सम्बद्ध सबै पक्षले सही सत्यतथ्य र आधिकारिक सूचना प्रवाह गर्नु र त्यसको पालना गर्नु गराउनु अझै महत्वपूर्ण छ । धन्यवाद ।

शेरबहादुर देउवा
३ भाद्र, २०७८

# १५ औं राष्ट्रिय सूचना दिवस र आयोगको प्रतिवद्धता



नेपालको संविधानमा सूचनाको हकलाई महत्वपूर्ण मौलिकहकका रूपमा स्वीकार गरिएको छ । सूचनाको हकसम्बन्धी कानून २०६४ साल भदौ ३ गतेदेखि कार्यान्वयनमा आएको हुँदा यसै दिनलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउन थालिएको र आज हामी १५ औं राष्ट्रिय सूचना दिवस मनाउँदै छौं । विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण यस वर्ष पनि नेपाल सरकारबाट भेला र जमघटमा प्रतिबन्ध तथा निषेधाज्ञा जारी गरिएको हुँदा यो दिवस औपचारिक समारोह गरी मनाउन सम्भव रहेन ।

कोरोना महामारीले आक्रान्त पार्दै गरेको अवस्थामा सही, तथ्यगत र अधिकारिक सूचनाको महत्व स्वाभाविक रूपमा अझ बढी हुन्छ । महामारीबाट जोगिन पालना गर्नु पर्ने नियम, अपनाउनु पर्ने सावधानी, नागरिकलाई महामारीबाट जोगाउन तथा महामारी नियन्त्रणका लागि सरकारका तर्फबाट भए/गरिएका प्रयास तथा योजनाका बारेमा यथासमयमा सर्वसाधारण नागरिकसम्म जानकारी पुग्ने गरी सूचना प्रवाह गर्न गराउन पनि संघ र प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्दछ ।

लोकतान्त्रिक पद्धतिमा कानूनको परिपालना अनिवार्य हुन्छ । मौलिक हकका रूपमा रहेको सूचनाको हकको कार्यान्वयनको प्राथमिक दायित्व सार्वजनिक निकायको हुन्छ । तसर्थ, सूचना सार्वजनिक गर्न र मागिएको सूचना सहज रूपमा उपलब्ध गराउन सार्वजनिक निकायको अग्रसरता र सकरात्मक भूमिकाको अपेक्षा आयोगले गरेको छ ।

सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन र नागरिक तहसम्म पुऱ्याउन थप प्रयासहरू गर्न आवश्यक छ । यस सन्दर्भमा सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजका तहबाट भएका प्रयासहरू सन्हानीय छन् र यसप्रति आयोग सदा आभारी छ । आयोग सबैसँग सहकार्यका लागि सदा तत्पर छ । आयोगलाई विभिन्न माध्यमबाट अघि बढ्न प्रेरित गर्ने र आयोगले गरेका कामहरूमा साथ दिनुहुने, आयोगका कार्यलाई उपलब्धीमूलक बनाउन निरन्तर लागिरहने र आयोगका सचिवालयमा कार्यरत राष्ट्रसेवक कर्मचारी सबैप्रति आभार व्यक्त गर्दै निरन्तर साथ र सहयोग प्राप्त हुने अपेक्षा आयोगले गरेको छ । यो अवसरमा आफूलाई दिइएको जिम्मेवारीमा खरो उत्रने प्रतिबद्धता व्यक्त गर्दै आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

२०७८ भदौ ३
महेन्द्र मान गुरुङ्ग
प्रमुख सूचना आयुक्त

# ‘सूचनाको हक कार्यान्वयनमा सूचना अधिकारीको भूमिका महत्वपूर्ण’


सूचनामा पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८) का सन्दर्भमा कानुनी अनुसन्धानका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत आङ्गिक क्याम्पसहरूमा नियुक्त सूचना अधिकारीहरूसँग असोज ११ गते आयोजित भर्चुअल अन्तर्संवाद कार्यक्रममा राष्ट्रिय सूचना आयोगका तर्फबाट सूचना आयुक्त कमला ओली थापा सहभागी हुनुभयो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै सूचना आयुक्त कमला ओली थापाले सूचनाको हकको कार्यान्वयन गर्ने क्रममा सूचना अधिकारीहरूको नै महत्वपूर्ण भूमिका रहने बताउँदै सकेसम्म सूचना नपाएको भनी आयोगमा पुनरावेदन लिएर नागरिक आउनु पर्ने अवस्थाको अन्त्य गर्न आग्रह गर्नुभयो । सूचना नपाउनेलाई सूचना दिलाउन आयोगले आदेशहरु गरिरहेको बताउनु हुँदै उहाँले आयोगले अधिकांश जिल्लाहरूमा सूचनाको हकको कार्यान्वयनमा समस्याहरु देखेको र समस्या समाधानका लागि आदेशहरु गरेको पनि बताउनु भयो ।

कार्यक्रममा फ्रिडम फोरमका कार्यकारी अध्यक्ष तारानाथ दाहालले सार्वजनिक निकायमा कार्यरत सूचना अधिकारीहरु सूचनाको हक कार्यान्वयन र सार्वजनिक निकायले पूरा गर्नुपर्ने नागरिकप्रतिको जवाफदेहिता पूरा गर्न अग्र भागमा खटिनुपर्ने दायित्व भएकोले कुनै हिचकिचाहटबिना सूचना प्रवाह गर्न कानुनले नै प्रदान गरेको अधिकारको प्रचलनका लागि सक्रिय हुनुपर्ने बताउनु भयो ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरूमा नियुक्त सूचना अधिकारीहरूसँग त्रिविमा सूचनाको हकको कानुनी व्यवस्था कार्यान्वयनको वर्तमान अवस्था विषयक अन्तर्संवाद कार्यक्रममा त्रिविअन्तर्गत देशभरका क्याम्पस कार्यालयहरूका सूचना अधिकारीहरु, नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका विद्यार्थीहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

सो कार्यक्रममा केन्द्रीय प्रविधि क्याम्पस, धरानका सूचना अधिकारी ओमनाथ खतिवडा, स्नातकोत्तर क्याम्पस, विराटनगरका सूचना अधिकारी हरिप्रसाद दाहाल, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँका सूचना अधिकारी ज्ञानेन्द्रवीर मालाकार, पब्लिक युथ क्याम्पसका सूचना अधिकारी राजाराम अधिकारी, अमृत साइन्स क्याम्पसका सूचना अधिकारी रमेश निरौला, केन्द्रीय पुस्तकालयका सूचना अधिकारी विजय शर्मा, तेह्रथुम बहुमुखी क्याम्पसका सूचना अधिकारी नारद आङबुहाङ्, भूगोल केन्द्रीय विभागका सूचना अधिकारी डा. उद्धवराज पुरी लगायतले सूचनाको हकको कार्यान्वयनको जिम्मेवारी सूचना अधिकारीको भएता पनि आफूहरूले

# आत्महत्यासम्बन्धी तथ्याङ्क सार्वजनिक गर्न प्रहरी प्रधान कार्यालयलाई आदेश



भोजपुर जिल्ला हाल इमाडोल निवासी विद्या राईद्वारा प्रहरी प्रधान कार्यालय, नक्सालसमक्ष आर्थिक वर्ष २०७२/७३ देखि २०७७/७८ सम्म आत्महत्यासम्बन्धी जिल्लागत तथ्याङ्क माग गरेकोमा सूचना उपलब्ध नगराएको भन्दै सो तथ्याङ्क उपलब्ध गराई पाऊँ भनी राष्ट्रिय सूचना आयोगसमक्ष २०७८/०३/२७ मा पुनरावेदन गरिएको थियो । यही बीचमा प्रहरी प्रधान कार्यालयले सूचना मागकर्तालाई माग गरेको सूचना उपलब्ध गराएको छ । सो विषय सार्वजनिक सरोकारको विषयमात्र नभई नीतिगत निर्णय वा व्यवस्था गर्न र अध्ययन अनुसन्धान

स्पष्ट जिम्मेवारी नपाएको र त्रिविमा सूचनाको हक कार्यान्वयनको लागि कुनै पनि प्रकारको कार्यविधि बनाएर लागु नभएको बताउनु भएको थियो । उहाँहरूले सूचना अधिकारी भनेर औपचारिकताका लागि मात्र तोक्नुभन्दा भूमिका दिएर सूचनाको हकको विषयमा क्षमता विकास गराई काम गर्ने वातावरण सम्बन्धित निकायले बनाउनु पर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका अनुसन्धानकर्ताहरु मानबहादुर चन्द र गोविन्द सेढाईंले सूचनाको हकको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भ पारेर गरिएको अन्तरसंवाद कार्यक्रम अत्यन्त सार्थक र उपयोगी रहेको र यसले संविधानप्रदत्त मौलिक हक संरक्षणमा त्रिविको भूमिका अहम् रहने प्रष्ट पारेको बताउनु भयो ।

**सूचना अधिकारी भनेर औपचारिकताका लागि मात्र तोक्नुभन्दा भूमिका दिएर सूचनाको हकको विषयमा क्षमता विकास गराई काम गर्ने वातावरण सम्बन्धित निकायले बनाउनु पर्नेमा जोड**

कार्यक्रममा कानुनका अनुसन्धानकर्ता नोदनाथ त्रितालले त्रिविमा सूचनाको हकको कानुनी व्यवस्था कार्यान्वयनको अवस्था सम्बन्धमा भइरहेको कानुनी अनुसन्धानको क्रममा प्राप्त नतिजा र तथ्याङ्कबारे जानकारी गराउँदै कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । ◆



## आदेश

**आत्महत्यासम्बन्धी तथ्याङ्क राख्दा नेपालको संविधानको धारा ४२ मा उल्लेख भएका समूह तथा उमेर समूह, पेशागत, शैक्षिकस्तर, वैवाहिक अवस्था, पारिवारिक अवस्था जस्ता विषयहरुको पनि विवरण राख्ने र राख्न लगाउने ।**

**बुँदा १ बमोजिमको तथ्याङ्क एकीकृत रुपमा प्रहरी प्रधान कार्यालयमा सङ्कलन गरी प्रत्येक वर्ष सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ४ बमोजिम गरिने स्वतः प्रकाशनमा त्यस्तो विवरण संक्षिप्तरुपमा समावेश गरी सार्वजनिक गर्ने गराउने ।**

गर्नका लागि पनि आवश्यक र उपयोगी रहने भएकोले यस्तो तथ्याङ्कको विवरण सार्वजनिक गर्न राष्ट्रिय सूचना आयोगले भदौ २८ गते प्रहरी प्रधान कार्यालयलाई थप आदेश गरेको छ ।

नीति, कानून, कार्यक्रम बनाउँदा तथ्य र तथ्याङ्कमा आधारित रहेर बनाउन सकियो भनेमात्र त्यस्ता नीति, कानून तथा कार्यक्रम सफल तथा उपलब्धीमूलक हुन सक्दछ । त्यसका लागि तथ्याङ्कको सङ्कलन गर्दादेखि नै ध्यानदिनु पर्ने हुन्छ । यस्ता तथ्याङ्कलाई यथाशक्य बहुपयोगी बनाउन पनि आवश्यक छ ।

आत्महत्या त्यसै गरिएको हुँदैन । आत्महत्या पछाडि मनोवैज्ञानिक, आर्थिक, मानसिक, सामाजिकलगायत अन्य थुप्रै कारणहरू हुन सक्दछन् । यस्ता कारणहरूलाई केलाउन सकियो भने आत्महत्यालाई रोकथाम गर्न अथवा रोक्न अवलम्बन गर्नुपर्ने उपयुक्त नीति तथा कार्यक्रम अङगीकार गर्न सकिन्छ र आत्महत्याको दरलाई कमसेकम न्यून बनाउन सकिन्छ । धेरैको जीवन बचाउन सकिन्छ ।

तसर्थ, उठान गरिएको आत्महत्यासम्बन्धी तथ्याङ्कको महत्वलाई ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम प्रहरी प्रधान कार्यालयका महानिरीक्षकका नाममा देहायबमोजिम गर्न गराउन आयोगले आदेश गरेको छ :

१. आत्महत्यासम्बन्धी तथ्याङ्क राख्दा नेपालको संविधानको धारा ४२ मा उल्लेख भएका समूह तथा उमेर समूह, पेशागत, शैक्षिकस्तर, वैवाहिक अवस्था, पारिवारिक अवस्था जस्ता विषयहरूको पनि विवरण राख्ने र राख्न लगाउने ।

२. बुँदा १ बमोजिमको तथ्याङ्क एकीकृत रूपमा प्रहरी प्रधान कार्यालयमा सङ्कलन गरी प्रत्येक वर्ष सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ४ बमोजिम गरिने स्वतः प्रकाशनमा त्यस्तो विवरण संक्षिप्तरूपमा समावेश गरी सार्वजनिक गर्ने गराउने । ◆

# ‘अनुगमन तथा पुनरावेदन सुनवाइमा आयोग कडा रुपमा प्रस्तुत हुने’

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरूङले अनुगमन तथा पुनरावेदन सुनवाइमा आयोग कडा रूपमा प्रस्तुत हुने बताउनु भएको छ ।

सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपाल र जागौं नेपाल राष्ट्रिय अभियानले राष्ट्रिय सूचना दिवसका अवसरमा भदौ ३ गते संयुक्त रूपमा आयोजना गरेको सूचनाको हक र सूचना आयोगको भूमिका विषयक प्रशिक्षण तथा अन्तक्रिया कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागिता जनाउँदै राष्ट्रिय सूचना आयोगक प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ले यस्तो धारणा व्यक्त गर्नु भएको हो ।

राष्ट्रिय सूचना दिवसका अवसरमा सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपाल र जागौं नेपाल राष्ट्रिय अभियानले महत्वपूर्ण कार्यक्रमको आयोजना गरेकोमा आभार व्यक्त गर्दै प्रमुख सूचना आयुक्त गुरूङले संवैधानिक र कानूनी रूपमा व्यवस्था भएको सूचनाको हकको कार्यान्वयनमा आयोगले गरिरहेका कार्यहरू र यसमा रहेका चुनौतिका बारेमा विचार व्यक्त गर्नु भयो ।




सूचना अधिकारीसँग सूचना नै नहुने तथा सूचनावापत तिर्नु पर्ने शुल्कका बारेमा अन्योल रहेको, सूचना मागकर्ताप्रति हुने व्यवहारका बारेमा स्पष्ट पार्दै सूचना उपलब्ध गराउने प्राथमिक दायित्व सार्वजनिक निकायका प्रमुखको हुने हुँदा सूचना नपाए आयोगमा पुनरावेदन गर्न, सूचना दिएवापत लिइने शुल्क दश पृष्ठपश्चात्मात्र लिनु पर्ने, सूचना मागकर्ताको पनि संरक्षण गर्ने कानूनको आवश्यकता भएकोले कानूनमा प्रस्ताव गर्नु पर्नेमा प्रमुख सूचना आयुक्त गुरूङले जोड दिनुभयो ।

कार्यक्रमको सभापतित्व जागौं नेपाल राष्ट्रिय

> सामाजिक परीक्षणको छुट्टै महत्व रहेको र हरेक संस्थाले आफ्नो सामाजिक परीक्षण गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नु पारदर्शिता र सामाजिक उत्तरदायित्वका हिसाबबाट महत्वपूर्ण

## ‘सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्नु महत्वपूर्ण’

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ले सामाजिक परीक्षणको छुट्टै महत्व रहेको र हरेक संस्थाले आफ्नो सामाजिक परीक्षण गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्नु पारदर्शिता र सामाजिक उत्तरदायित्वका हिसाबबाट महत्वपूर्ण रहेको विचार व्यक्त गर्नु भएको छ ।

सूचनाको हक र सुशासनको क्षेत्रमा काम गर्दै आएको सामुदायिक सारथी नामक गैरसरकारी संस्थाले आफ्नो संस्थाको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्न असोज २२ गते आयोजना गरेको कार्यक्रममा प्रमुख सूचना आयुक्त गुरूङले उपरोक्त धारणा सार्वजनिक गर्नुभएको हो । कार्यक्रममा प्रमुख अतिथिका रूपमा आमन्त्रित प्रमुख सूचना आयुक्त गुरूङले नागरिक निगरानी समूहनिर्माण गरी सूचनाको हकका क्षेत्रमा योगदान पुऱ्याएकोमा संस्थाको प्रशंसागर्दै सूचनाको हकको क्षेत्रमा आपसी सहयोग तथा सहकार्य गर्न आवश्यक रहेको र सूचना माग्दा नपाएमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिने व्यवस्थाका बारेमा जानकारी दिनु भएको थियो ।

सूचना दिएवापत लिइने शुल्क दश पृष्ठपश्चात्मात्र लिनु पर्ने, सूचना मागकर्ताको पनि संरक्षण गर्ने कानूनको आवश्यकता भएकोले कानूनमा प्रस्ताव गर्नु पर्नेमा प्रमुख सूचना आयुक्त गुरूङले जोड दिनुभयो ।

अभियानका संयोजक तथा सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल गण्डकी प्रदेशका संयोजक दिपक आचार्यले गर्नुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झा, फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहाल, सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल नेपालका अध्यक्ष उम्मिद बागचन्द, सदस्य सचिव अजयकुमार साहलगायतले सूचनाको हकको महत्व, कार्यान्वयनको अवस्था तथा चुनौतिहरूका बारेमा विचार राख्नु भएको थियो । कार्यक्रममा सूचनाको हकका क्षेत्रमा स्वदेश तथा विदेशमा कार्यरत व्यक्तित्वहरूको उल्लेख्य सङ्ख्यामा उत्साहजनक सहभागिता रहेको थियो । ◆

सो कार्यक्रम सभापतित्वसमेत गर्नुभएका सामुदायिक सारथीका अध्यक्ष कृष्णप्यारी नकर्मीले संस्था पारदर्शिता र उत्तरदायित्वका हिसावबाट खरो उत्रने र यसमा सबैको सहयोग आवश्यक रहेको विचार व्यक्त गर्नु भयो ।

दयासागर श्रेष्ठले प्रतिवेदन प्रस्तुत गर्नुभएको सो कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक ताराबहादुर भण्डारीले सहभागीहरूलाई स्वागत गर्नु भएको थियो । कार्यक्रममा संस्थाका सदस्यहरू, विभिन्न जिल्लाका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# सुशासन र पारदर्शिताका लागि सूचनाको हक महत्वपूर्ण माध्यम




राष्ट्रिय सूचना दिवस (भदौ ३ गते) का अवसरमा फ्रिडम फोरमले आयोजना गरेको Overcoming threats of Media Freedom, Freedom of Expression (FOE) and Access to Information (SDG F16.10.1 and 2) भर्चुअल कार्यक्रममा आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्गलाई प्रमुख वक्ताका रूपमा आमन्त्रण गरिएको थियो ।

सो कार्यक्रममा आफ्नो भनाइ राख्दै प्रमुख सूचना आयुक्त गुरूङले दिगो विकास लक्ष्यको १६.१०.२ मा रहेको सूचनामा पहुँचसम्वन्धी सूचकाङ्क प्राप्त गर्न नेपालले थप प्रयास गर्नु पर्नेमा जोड दिनुभयो । अहिले नेपाल सरकारले तयार गरेको दीगो विकास लक्ष्यसम्वन्धी कार्ययोजनामा यसलाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसकिए पनि सूचनामा पहुँचसम्बन्धी सूचकाङ्क सुशास नकायम गर्न, नागरिकलाई बलियो बनाउन, पारदर्शिता कायम गर्न एउटा महत्वपूर्ण माध्यम भएको र समग्र दिगो विकास लक्ष्य प्राप्तिमा यसले महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने विचार व्यक्त गर्दै प्रमुख सूचना आयुक्त गुरूङले कर्मचारी तहबाट मात्र नभई यसका लागि राजनैतिक प्रतिबद्धता आवश्यक रहेकोमा जोड दिनु भयो ।

फ्रिडम फोरमका कार्यकारी प्रमुख तारानाथ दाहालले कार्यक्रमको औचित्य र अहिलेको अवस्था, चुनौति तथा उपायहरूका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतीकरणमा प्रेस स्वतन्त्रता, सूचनाको हकजस्ता विषय दिगो विकास लक्ष्यमा समावेश गर्न धेरै प्रयास भएको र यसबाट लोकतन्त्रलाई बलियो बनाउन सहयोग पुग्ने विचार दाहालले व्यक्त गर्नु भयो ।

नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेलले प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक लोकतान्त्रिक पद्धतिका लागि नभइ नहुने विषयहरू भएको र यसको संरक्षणका लागि पत्रकार महासंघ जहिले पनि तयार रहने धारणा राख्नु भयो ।

राष्ट्रिय योजना आयोगका सह-सचिवडा. किरणराज रूपाखेतीले दिगो विकास लक्ष्य प्राप्तिका लागि योजनाबद्ध रूपमा काम भइरहेको र कार्यक्रममा उठेका विषयहरू महत्वपूर्ण रहेकोले यस प्रतियोजना आयोगको ध्यानाकर्षण भएको बताउनु भयो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न संस्थाका प्रतिनिधि र व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको थियो । ◆

# सार्वजनिक खरीदसम्बन्धी सम्पूर्ण कार्य पारदर्शी बनाउन निर्देशन

राष्ट्रिय सूचना आयोगले सार्वजनिक खरीदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउन तथा प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत् र अन्य माध्यमबाटसमेत सार्वजनिक गर्न निर्देशन दिएको छ । सार्वजनिक निकायले प्रत्येक ३ महिना अन्त्य भएको १५ दिनभित्र त्यस निकायबाट सम्पादन भएका क्रियाकलाप, खर्चका बारेमा स्वत:प्रकाशन गर्नु पर्ने व्यवस्था सार्वजनिक निकायको दायित्व भएको उल्लेख गर्दै सार्वजनिक सरोकारका विषयहरूमा सूचना माग्न नै नपर्ने गरी नियमित रूपमा सार्वजनिक गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् नेपाल सरकारका सार्वजनिक निकाय, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत् ७ वटै प्रदेशका सार्वजनिक निकाय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् स्थानिय तहका सार्वजनिक निकाय र सार्वजनिक खरीद अनुगमन कार्यालयका नाममा भदौ १८ गते आयोगले निर्देशन दिएको हो ।

'सार्वजनिक खरीद अनुगमन कार्यालयको वार्षिक प्रतिवेदन २०७७ अनुसार विद्युतीय माध्यमबाट मात्र बोलपत्र आह्वान भएको लागत ५३ खर्ब ९३ अर्बभन्दा बढी रहेको तथा त्यसभन्दाबाहेक पनि खरीद गरिने हुँदा कूल खरीद गरिने रकमको आकार निकै ठूलो हुने स्पष्ट छ । यस्ता खरीद प्रक्रियामा पारदर्शिताको अभावमा अनियमितता हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । सार्वजनिक निकायहरू खरीद प्रक्रियामा स्वच्छ, पारदर्शी र जवाफदेही भइदिँदा सार्वजनिक खर्च उपयुक्त ठाउँमा भई उपलब्धिमूलक हुन सक्छ भने अनियमितता तथा दुरूपयोग भइदिँदा सार्वजनिक निकायले खोजेको लक्षित प्रतिफल नपाउनेमात्र नभई सीमित व्यक्तिलाई मात्र लाभ पुग्ने अवस्था आउन सक्छ', आयोगको आदेशमा भनिएको छ, 'सार्वजनिक खरीदका प्रक्रिया जति पारदर्शी हुन सक्यो त्यति नै अनियमितता कम हुने अवस्था हुन्छ । सार्वजनिक निर्माणस्थलमा तोकिएको विवरणसहितको बोर्ड राख्नेसम्बन्धी निर्देशन पटक-पटक नेपाल सरकारले पनि गरेको पाइन्छ । सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सार्वजनिक खरीद ऐन, २०६३ र यसअन्तर्गत बनेका नियम तथा कार्यविधिले पनि पारदर्शितालाई मूल आधार बनाएको पाइन्छ । सार्वजनिक खरीद सार्वजनिक चासोको विषय पनि हो ।'

कपिलवस्तु न. पा.-७ निवासी अनुप पन्थीद्वारा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रतिष्ठानका उच्च पदाधिकारीको संलग्नतामा भएका भ्रष्टाचारजन्य गम्भीर प्रकृतिका विकृति विसंगति हुने गरेको, प्रतिष्ठानबाट गरिने सार्वजनिक खरीदमा व्यापक अनियमितता रहेको, प्रतिष्ठानले स्वास्थ्य सामाग्री आपूर्ति गर्दा प्रतिष्ठानका उच्च पदाधिकारी र निकटस्थ आपूर्तिकर्ता बीचको मिलेमतोमा चलनचल्ती भन्दा कयौं गुणा बढी मूल्यमा खरीद गरेकोले त्यसलाई रोक्नसमेत आयोगबाट आदेश जारी हुनका लागि निवेदन गरिएको थियो ।

यससम्बन्धमा आयोगमा परेको निवेदनलाई समेत ध्यानमा राखी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम सार्वजनिक निकायहरूमा देहायबमोजिम गर्न गराउन आयोगले आदेश जारी गरेको हो ।

१. सार्वजनिक खरीदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत् र अन्य माध्यमबाट समेत सार्वजनिक गर्दै जाने ।
२. सार्वजनिक खरीदसम्बन्धी सम्झौता खरीद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।
३. सार्वजनिक खरीदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशित गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।
४. भौतिक निर्माणसम्बन्धी सार्वजनिक खरीद भएको अवस्थामा निर्माणस्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरीदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्यमुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।
५. सार्वजनिक खरीद अनुगमन कार्यालयले सार्वजनिक खरीदसम्बन्धी कानुनमा सार्वजनिक खरीदसम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए/नभएको अनुगमन गर्न निर्देशन दिने । ◆

# आयोगका बैठक २६४(३)२४ र निर्णय

मिति २०७८।०४।२८

निर्णय

१. नेपाल सरकारले निषेधाज्ञाको अवधि थप गर्दै गएको र कोभिडका बिरामी दिनप्रतिदिन बढ्दै गएका कारण कुनै प्रकारका सभा, सम्मलेन गोष्ठी, सेमिनार, दिवस जस्ता कार्यक्रम नगर्न निर्देशन गरेको हुँदा यस वर्षको राष्ट्रिय सूचनादिवस भौतिक उपस्थितिमा मनाउन सक्ने अवस्था रहेन । दिवसको अवसरमा गोरखापत्रमा शुभकामना सन्देश प्रकाशन गर्ने । यस वर्ष समारोह र औपचारिक कार्यक्रमनगर्ने भएपछि राष्ट्रिय सूचना दिवसका दिन आयोग परिसरमा ब्यानर झुण्ड्याई प्रेस विज्ञप्ति जारी गर्ने निर्णय गरियो ।

२. कपिलवस्तु न. पा.-७ निवासी अनुपपन्थीले मिति २०७८।०४।१४ मा देहाय बमोजिमको विषयमा आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को उपदफा (क) बमोजिमको आदेश हुन प्राप्त निवेदनका सन्दर्भमा नेपाल सरकारका निकायहरूका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत्, प्रदेशस्तरका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् र स्थानीय तहका हकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत् र बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपतिका नाममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९(छ) बमोजिम देहायकाकार्य गर्न गराउन निर्देशन दिने ।

१. सार्वजनिक खरीदसम्बन्धी सम्पूर्ण कार्यहरु (शुरूदेखि अन्त्यसम्म) पारदर्शी बनाउने । यसका लागि प्रत्येक सार्वजनिक निकायले आफ्नो वेबसाइटमार्फत् र अन्य माध्यमबाट समेत सार्वजनिक गर्दै जाने ।

२. सार्वजनिक खरीदसम्बन्धी सम्झौता खरीद कार्य सम्पन्न भएको समयदेखि १ वर्षसम्म अनिवार्य रूपमा सार्वजनिक निकायको वेबसाइटमा राख्ने ।

३. सार्वजनिक खरीदसम्बन्धी विषयलाई सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम प्रत्येक तीन महिनामा प्रकाशन गर्ने प्रकाशनमा अनिवार्य रूपमा समावेश गर्ने ।

४. भौतिक निर्माण सम्बन्धी सार्वजनिक खरीद भएको अवस्थामा निर्माण स्थलमा अनिवार्य रूपमा निर्माण कार्यको नाम, निर्माणकर्ताको नाम, ठेगाना, सम्पर्क नं., खरीदको मूल्य, निर्माण सम्पन्न हुने मिति, निर्माणका मुख्यमुख्य क्रियाकलाप, निरीक्षण वा अनुगमन गर्ने निकाय र पदाधिकारीको नाम, पद र सम्पर्क नं. उल्लेख गरेको बोर्ड राख्न लगाउने ।

५. सार्वजनिक खरीद अनुगमन कार्यालयले सार्वजनिक खरीदसम्बन्धी कानूनमा सार्वजनिक खरीद सम्बन्धी क्रियाकलापलाई थप पारदर्शी हुने व्यवस्था/प्रावधान समावेश गर्न तथा बुँदा नं. १, २ र ३ बमोजिम भए/नभएको अनुगमन गर्न निर्देशन दिने ।

४. अन्य विविध विषयमा छलफल भयो ।

# बैठक नं. २६५(३)२५

मिति २०७८।०६।०७

निर्णय

१. श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७८।०४।१० को पत्रमार्फत् राय माग गरिएको विषयतर्फ अध्ययन गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ भन्ने व्यवस्था भएको र सोही दफाको उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने उल्लेख छ । उक्त ऐनको दफा ७ को उपदफा (१) मा यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनु पर्नेछ भन्ने व्यवस्थालाई थप स्पष्ट गराइरहन पर्ने अवस्था नदेखिएको र सार्वजनिक निकायमा सूचना प्राप्त गर्नु पर्ने कारणसम्म खुलाई सूचना माग गरेको अवस्थामा सूचना दिनै पर्ने व्यहोरा लेखी पठाउने निर्णय भयो ।

२. निर्वाचन आयोगमा सूचनाको हकसम्बन्धी कानून अन्तर्गत रही सूचना मागसम्बन्धी निवेदन दिन जाँदा तोक लगाएपछि मात्र दर्ता गर्ने व्यवस्था रहेको कारणबाट सूचना मागकर्तालाई झण्झटिलो तथा ढिला र तोक लगाउनपनि सम्बन्धित पदाधिकारी खोज्दै हिंड्न पर्ने अवस्था सिर्जनाभएको भनी यस आयोगमानिवेदन पर्न आएको छ । सार्वजनिक निकायहरूमा सर्वसाधारण नागरिकले कुनै पनि विषयमा निवेदन वा आवेदन लिएर जाँदा तोक लगाउनकै लागि लामो समय लाग्ने विषय अहिलेको आधुनिक तथा लोकतान्त्रिक शासन पद्दतिमा सुहाउँदो विषयहुन सक्दैन । त्यसमा पनि नेपालको संविधान तथा कानूनबाट नागरिकको मौलिक हकको रूपमा स्वीकारिएको सूचनाको हकसम्बन्धी निवेदन दर्ता गराउन तोक लगाउनु पर्ने व्यवस्था गर्नु/गराउनु नागरिक मैत्री प्रशासनको रूपमा लिन मिल्ने देखिँदैन । तसर्थ, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था बमोजिम दर्ता हुन आएका निवेदन तोक लगाएपछि मात्र दर्ता गर्ने व्यवस्था नगरी सरल र सहज रूपमा दर्ता गर्ने व्यवस्था गर्न गराउन निर्वाचन आयोगका कार्यालय प्रमुखलाई लेखी पठाउने निर्णय भयो ।

३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ८ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ ले तोकेको दस्तुर सम्बन्धमा कतिपय सार्वजनिक निकायमा अन्योलता रहेको विषय आयोगको जानकारीमा आएको हुँदा प्रचलित सूचनाको हकसम्बन्धी नियमावली, २०६५ संशोधनको क्रममा प्रस्तुत विषयलाई थप स्पष्ट गराउने गरी हाल प्रचलनमा रहेको नियम ४(२) बमोजिम सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको सम्बन्धमा सूचना जतिसुकै पृष्ठको भएता पनि दश पृष्ठसम्म शुल्क नलिने र सोभन्दा बढी प्रति पृष्ठको नियम ४(२) बमोजिमको दस्तुर लिने व्यवस्था मिलाउन संघीय सार्वजनिक निकायका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत्, प्रदेशका सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् र स्थानीय तहका सार्वजनिक निकायका हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् परिपत्र गर्ने निर्णय गरियो ।

४. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सजायका लागि र दफा ३३ बमोजिम सार्वजनिक निकायमा पेश गर्ने निवेदनको ढाँचा तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने ।

५. आयोगमा पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक प्रतिवेदन र प्रशिक्षण/अभिमुखीकरण / पृष्ठपोषण/सम्मेलन/गोष्ठी/अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनसम्बन्धी प्रस्तावित ढाँचा स्वीकृत गरी प्रचलनमा ल्याउने निर्णय गरियो ।

६. सूचनाको हकसम्बन्धी रणनीतिक योजनाको प्रस्तावित मस्यौदामा संशोधन गर्नुपर्ने कुनै विषय भएमा आयोग र सचिवालयका पदाधिकारीले टिपोट गरी मिति २०७८ असोज १९ गते सुझाव पेश गर्ने निर्णय गरियो ।

**विकास र सुशासन कायम भएन भनेर गुनासोमात्र गरेर नबसौं, सूचना माग गरौं !**

## संविधान र कानुनले प्रदान गरेको अधिकार प्रयोग गरी सुशासन कायम गर्ने अभियानमा आजैदेखि लागौं !!

आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सार्वजनिक निकायमा रहेको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको संवैधानिक अधिकार हो ।

नागरिकले आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग गर्दा सम्बन्धित सार्वजनिक निकायको सूचना अधिकारीलाई सम्बोधन गरी आफूले माग गरेको सूचनाको विवरणसहित निवेदन दिनु पर्छ ।

नागरिकले माग गरेको सूचना तत्काल सम्भव भए तत्कालै र नभए १५ दिनभित्र उपलब्ध गराउनु सूचना अधिकारीको कानुनी दायित्व हो ।

सूचना अधिकारीले १५ दिनभित्र पनि माग गरेको सूचना उपलब्ध नगराए सोही कार्यालयको प्रमुखलाई उजुरी गर्नु पर्छ ।

सूचना अधिकारी र कार्यालय प्रमुखसँग सूचना माग गर्दा कुन प्रयोजनका लागि सूचना माग गरेको हो सो खुलाउनु पर्छ । (जस्तै- अध्ययन प्रयोजन)

सूचना माग भइआएको निवेदन दर्ता गर्दा सार्वजनिक निकायले सूचना माग गर्ने नागरिकलाई कुनै झन्झट, दु:ख र परेसानी दिनु हुँदैन ।

हुलाकमार्फत् पनि सूचना माग गर्न सकिन्छ ।

इ-मेलमार्फत् पनि सूचना माग गर्न सकिन्छ ।

सूचना माग गरिएको निवेदन दर्ता गर्दा कुनै शुल्क तिर्न बुझाउन पर्दैन ।

सूचना माग गर्ने अधिकार नेपालको संविधान र कानुनले नेपाली नागरिकलाई मात्र प्रदान गरेको छ । सूचना माग गरेको निवेदनसँगै सूचना मागकर्ताको नागरिकता प्रमाणित गर्ने प्रमाण संलग्न गर्नुपर्छ ।

सूचना मागकर्ताले माग गरेको सूचना जतिसुकै पृष्ठको भए पनि सार्वजनिक निकायले पहिलो १० पृष्ठ नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

सार्वजनिक निकायका प्रमुखबाट पनि सूचना उपलब्ध नभए राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुपर्छ ।

**सूचना माग गर्नु नागरिकको अधिकार हो,**
**नागरिकले माग गरेको सूचना यथासमयमै उपलब्ध गराउनु सार्वजनिक निकायका प्रमुखको दायित्व हो ।**


राष्ट्रिय सूचना आयोग
देवीनगर- १०, काठमाडौं, नेपाल, फोन : ०१-४६०२७४७,
फ्याक्स नं. : ०१-४६०१२१२, इमेल : info@nic.gov.np


# पुनरावेदनउपर आयोगको आदेश

राष्ट्रिय सूचना आयोगको इजलाशबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरूप माग भएका सूचना उपलब्ध नगराउने विरूद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायका प्रमुखलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ ।

आर्थिक वर्ष २०७८/०७९ को साउनदेखि असोजसम्म माग गरेको सूचना उपलब्ध नगराइएको भन्दै आयोगमा ३ सय ४ वटा पुनरावेदन भएका छन् । ती सबै पुनरावेदनउपर सूचना दिनु नपर्नाको कारण भए लिखित रूपमा ७ दिनभित्र पेश गर्न आयोगको इजलाशले आदेश गरेको ।

यसै अवधिमा आयोगको इजलाशले ३ सय ३२ वटा उजुरीउपर सुनुवाइ गर्दै ७ दिनभित्र् सूचना उपलब्ध गराउनू भन्ने आदेश गरेको छ । सूचना मागकर्ताले माग गरेको सूचना प्राप्त गरेको भनी आयोगलाई जानकारी गराएको र पुनरावेदकले माग गरेको सूचना प्राप्त गरेको देखिएको आधारमा आयोगको इजलाशले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा (३) को खण्ड (ख) अनुसार ४८ वटा पुनरावेदन बदर गरिदिएको छ ।

दुई वटा सार्वजनिक निकायका प्रमुखलाई दफा ३२ बमोजिम कार्वाहीको प्रस्ताव गरिएकोमा आयोगको इजलाशले एउटा सार्वजनिक निकायका प्रमुखलाई दफा ३२ अनुसार आयोगको कार्वाहीका लागि आदेश गरेको छ । ◆


सम्पादक मण्डल : रत्नप्रसाद मैनाली (सूचना आयुक्त), भागिरथ पाण्डेय (सचिव), हरिहर कार्की (शाखा अधिकृत)
सल्लाहकार : महेन्द्रमान गुरुङ (प्रमुख सूचना आयुक्त), कमला ओली थापा (सूचना आयुक्त)
नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेर्स एनडीआई/युएसएडसँगको सहकार्यमा
प्रकाशक
राष्ट्रिय सूचना आयोग
देवीनगर-१०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ०१-४६०२७४७, फ्याक्स नं. : ०१-४६०१२१२